दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ७९ | बुटवल | २०८२ चैत ०५ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday March 19, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# रविले के निर्देशन दिए रास्वपा सांसदलाई ?



**लुम्बिनी संवाददाता**
*बुटवल*

रास्वपा सभापति रवि लामिछानेले सांसदहरूलाई आफ्नो धरातल नबिर्सिन र जिम्मेवार जनप्रतिनिधि बन्न निर्देश गरेका छन् ।

उनले आफ्ना सांसदहरूलाई शक्तिको उन्मादबाट जोगाउन, जिम्मेवारीको बोध गराउन र दललाई एउटा परिपक्व, सहिष्णु र परिणाममुखी संस्थाको रूपमा रूपान्तरण गर्न गम्भीर, स्पष्ट र सन्तुलित निर्देशन दिएका छन् ।

पार्टीको विधानमा 'राइट टु रिकल' को प्रावधान रहेको सम्झाउँदै संख्या घट्छ भन्ने चिन्ता नलिइकन गैरजिम्मेवार सांसदहरूलाई फिर्ता बोलाइने चेतावनी दिए ।

'अब तपाईं हिजोको मान्छे होइन, अब जिम्मेवार सांसद हो, जिम्मेवार राजनीतिकर्मी हो, जिम्मेवार प्रतिनिधिसभाको सदस्य हो । होइन, जो कसैलाई अझै पनि 'म अभियन्ता नै हुँ' जस्तो लाग्छ, हिजोको जस्तै जिम्मेवार नभएर अभिव्यक्ति दिन्छु भन्ने लाग्छ भने यु आर मोर देन वेलकम टु लिभ दिस हल । तपाईंहरू सांसदको भूमिकाबाट बाहिर जान सक्नुहुन्छ, केही पनि फरक पर्दैन ।'- लामिछानेले भने ।

उनले थपे-'सरकार दुई-तिहाइको छ, संख्या घट्ला अथवा सरकार बहुमतमा रहन्छ, संख्या घट्ला, अल्पमतमा पर्ला भन्ने कुराको परवाह नगरिकन रास्वपाले जन्मदेखि आफ्नो विधानमा स्थापित गरेको राइट टु रिकलको व्यवस्थालाई यस पटक कडाइका साथ लागू गर्नेछ ।'

आफूहरूसँग सहिद पत्नी पनि छन् भन्ने सोचेर काम गर्न उनले आग्रह गरे । लामिछानेले भने-'यहाँ सहिदकी आमा छिन्, ध्यान दिनुहोला । कुनै पनि बिचौलियासँग साँठगाँठ गर्नुभन्दा अगाडि, एक कप चिया खानु अगाडि सहिदकी आमालाई सम्झिनुहोला । आफ्नो छोरो चढाएर संसद छिरेकी छिन्, सहिदकी आमा । यो सामान्य कुरा होइन ।'

मन्त्री बन्नका लागि दौडधुप नगर्न उनले सांसदहरूलाई सुझाव दिए । मन्त्रिपरिषद्मा को-को पठाउने भनेर पार्टीले निर्णय गर्ने उनको भनाइ छ ।

लामिछानेले भने-'तपाईंहरूमध्ये कोही यहीं भएकै हलहरूमध्ये कोही न कोही मन्त्रालय सम्हाल्ने साथीहरू हुनुहुन्छ । तर कृपया 'मन्त्री बनाइदिनुस्' भनेर वा 'मिडिया ट्रायल' मा 'म फलानो मन्त्री' भनेर लाग्नुहोला, मलाई केही पनि थाहा छैन । क्याबिनेटमा को-कोलाई पठाउँछ भन्ने कुरा पार्टीले गर्नेछ, तपाईंले भन्नुपर्दैन, हामीलाई थाहा छ । तपाईंहरूको विज्ञता थाहा छ । अलि बढी चर्चामा आएका र चर्चामा आउन नपाएका साथीहरू सबैलाई पार्टीले हेरेको छ ।'

आफ्ना अभिव्यक्तिहरूमा कुनै पनि राजनीतिक दल र विपक्षीहरूप्रति कटाक्ष नगर्न उनले निर्देशन दिए ।

'त्यो भयो भने अनर्थ हुन जानेछ । विजेता हुनुको अर्थ जिम्मेवार हुनु हो, छाडा हुनु होइन । विजेता हुनुको अर्थ विपक्षीहरूलाई कटाक्ष गर्ने अधिकार प्राप्त गर्नु होइन । रास्वपालाई प्रायः अराजक छन्, समर्थकहरू असहिष्णु छन् भन्ने छवि बनेको छ । अब त्यसबाट बाहिर निस्कनुपर्छ ।'-उनले भने ।

लामिछानेले 'म' केन्द्रित राजनीतिबाट माथि उठ्न नसके पूराना दलहरूको भन्दा नराम्रो हबिगत हुने टिप्पणी पनि गरे ।

'आफ्नो पोजिसन के हुन्छ । म कहाँ हुन्छु, पार्टी र सरकारमा मेरो हैसियत के हुन्छ ?' - रविले भने- 'यो म केन्द्रित राजनीतिबाट बाहिर उठ्न सकिएन भने हाम्रो हविगत पूराना राजनीतिक दलका नेताहरू भन्दा पनि नराम्रो हविगत हुन्छ ।'

साथै, उनले नागरिकले विवेक पुऱ्याएर दुई तिहाइ दिएको भन्दै यसलाई चुनौतीकै रुपमा लिन नवनिर्वाचित सांसदहरूलाई आग्रह गरे । 'पुराना राजनीतिक दलहरूलाई ३६ वर्षसम्म कुरे । हामीलाई ३६ दिन पनि कुर्नेवाला छैनन् यो कुरामा निर्धक्क हुनुहोला ।'- उनले भने ।

लामिछानेले पार्टीका नवनिर्वाचित सांसदहरूलाई सकेसम्म सरकारी अस्पतालमा उपचार गराउन आग्रह गरेका छन् । आकस्मिक अवस्थामा भन्दा बाहेक सरकारी अस्पतालमा उपचार गराउन उनले आग्रह गरेका हुन् । 'सक्नुहुन्छ भने सकेसम्म सरकारी अस्पतालमा उपचार गराउनुस् । सेवालाई चुस्त बनाउनुस् । म बाध्यकारी भन्दिनँ ।'- उनले भने । लामिछानले प्रतिनिधिसभामा आफ्नो पार्टीबाट राई, लिम्बू समुदायको प्रतिनिधित्व नभएकोमा माफी मागेका छन् ।

'म दुःखका साथ क्षमायाचना गर्दै भन्छु, हाम्रो पार्टीभित्र राइ लिम्बू समुदायको प्रतिनिधित्व यसपटक प्रतिनिधिसभामा हुन सकेन,' रविले भनेका छन्-'म सभापतिको हैसियतमा क्षमा माग्दै भन्छु, आगामी दिनमा समावेशीताको यो महत्वपूर्ण कडीलाई प्राथमिकताका साथ अघि राख्नेछु ।'

# सांसदहरूको शपथ चैत १२ गते



बुटवल । नवनिर्वाचित सांसदहरूको शपथका लागि अस्थायी हल निर्माणको काम अन्तिम चरणमा पुगेको छ ।

संघीय संसद् सचिवालयका प्रवक्ता सह-सचिव एकराम गिरीका अनुसार चैत्र १२ गते शपथग्रहण कार्यक्रम आयोजना गर्ने तयारी भइरहेको छ ।

सिंहदरबारभित्र निर्माणाधीन नयाँ संसद भवन अझै पूर्णरूपमा तयार नभएकाले अस्थायी हल बनाएर कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको हो । शपथ कार्यक्रमका लागि हलमा माइक र बत्ती जडानलगायतका काम धमाधम भइरहेको छ ।

जेनजी आन्दोलनका क्रममा पुरानो संसद भवनमा आगलागी भएपछि वैकल्पिक स्थानको आवश्यकता परेको हो ।

सोहीअनुसार सिंहदरबारमा निर्माणाधीन भवनभित्रको बहुउद्देश्यीय हललाई अस्थायी रूपमा व्यवस्थापन गरिएको छ । उक्त हल केही दिनभित्रै पूर्ण रूपमा तयार हुने अपेक्षा गरिएको प्रवक्ता गिरीले जानकारी दिए ।

## कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको १५ दिने सूचना

विगो नं. १६७,१६८
फाँट-तहसील

नर बहादुर कार्कीको छोरा, जिल्ला स्याङ्जा, फेदीखोला गाउँपालिका वडा नं. १ घर भई हाल जिल्ला काठमाडौ टोखा नगरपालिका वडा नं. ६ कथम सामाखुशी टोल वस्ने अं.वर्ष ४० को भरत कार्कीका नाउँको १५ दिने म्याद--

वादी जिल्ला कपिलवस्तु, शिवराज नगरपालिका वडा नं.८ बस्ने रामनाथ पासी प्रतिवादी तपाईं भएको चेक अनादर २ थान (०७८-C४-०१९८) र (०७८-C४-०२००) मुद्दामा यस अदालतबाट मिति २०८०।१२।१४ गतेमा भएको फैसला बमोजिम वादी दावीको चेक अनादरमा उल्लेख भएको सावाँ रू.८,११,०००/- तथा चेक काटेको मितिदेखि भरी भराउ मितिसम्मको कानून बमोजिम दश प्रतिशतको दरले हुने व्याज समेत भराई पाउने ठहरी फैसला भए बमोजिम तपाईको नाउमा म्याद जारी भएकोमा वेपत्ते तामेल भएकोले पुनः तपाईंका नाउँमा यो सूचना जारी गरिएको छ । यो सूचना तपाईंले प्राप्त गरेको वा तपाईंको घर दैलोमा टाँस भएको मितिले बाटाको म्याद बाहेक पन्ध्र दिनभित्र सो विगो बुझाउन ल्याउन अदालतमा उपस्थित हुन आउनुहोला । उक्त अवधिभित्र विगो बुझाउन नल्याएमा अदालतले उक्त सम्पत्तिबाट जायजात लिलाम गरी फैसला अनुसारको विगो वादीलाई कानून बमोजिम भराइ दिने बेहोरा जानकारी गराईन्छ । पछि तपाईंको कुनै उजुर लाग्ने छैन ।

ईति सम्वत २०८२ साल फागुन २७ गते रोज ०४ मा शुभम.........

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भूमिसुधार तथा मालपोत कार्यालय**
**तौलिहवा, कपिलवस्तु**

## हकवालाका नाउँमा ३५ दिने सार्वजनिक सूचना ।

उपरोक्त विषयमा जिल्ला क.व. साविक गा.वि.स. लवनी वडा नं. ४ मौजा असुरैना हाल शुद्धोधन गाउँपालिका वडा नं.३. बस्ने प्रसाद बढईको नाति, काशीराम बढईको छोरा, असर्फी बढईको मिति २०६७।०१।३० गते र निजको एक मात्र पत्नी जग्गाधनी केवली बढइनको मिति २०८१।०५।०३ गते मृत्यु भएको । मृतक दम्पत्तिबाट जन्मेको दुई छोरी जेठी विजय लक्ष्मी बढई र कान्छी छोरी सुधा बढईको जन्म भएको तथा छोराको जाय जन्म नभएको । मृतकहरु असर्फी बढ़ई र निजको पनि केवली बढ़ई जीवित छंदा सेवा सम्भार, पालन पोषण, औषधी उपचार र मृत्यु पश्चात सामाजिक परम्परा अनुसार काजक्रिया समेत मृतकको छोरीहरु विजय लक्ष्मी बढई र सुधा बढईले गरेको हुँदा मृतक केवली बढईनको नाउँमा दर्ता रहेको तपसिल बमोजिमका जग्गा संयुक्त नामसारी गरी पाउँ भनी जिल्ला क.व. शुद्धोधन गाउँपालिका वडा नं. ६ मौजा विमिहाँ बस्ने राम नरेश बढ़ईको पत्नी विजय लक्ष्मी बढई र जिल्ला रुपन्देही लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. ६ बस्ने रमेश बढईको पत्नी सुधा बढईको मिति २०८२/०५/२२ मा निवेदन माग भई आएकोमा मृतक केवली बढईनको हकवालाका नाउँमा ३५ दिने सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित कित्ताहरु निज मृतकको नामको हो होइन निजको हकवाला दुई छोरीहरु निवेदकहरु वाहेक अन्य कोही भए वा उक्त कित्ताहरुमा अरु कसैको हकदैयामा पर्ने भए यो सूचना टाँस मितिले पैतिस दिनभित्र स-प्रमाण समेत लिई यस कार्यालयमा उजुरी गर्नुहोला । सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा निम्न लिखित कित्ता नम्बरको जग्गा निवेदकहरुको नाउँमा संयुक्त नामसारी भई जानेछ । पछि कसैको कुनै उजुर नलाग्ने व्यहोरा समेत जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| गा.वि.स. | वार्ड नं. | कित्ता नं./ क्षेत्रफल | दर्तावालाको नाम, थर | कैफियत |
|---|---|---|---|---|
| नन्दनगर | ६क | १०३ (०-१-०-०), २१५ (०-१-८-०) ४०८ (०-२-३-०), २२७ (०-१-०-०) ४३८ (०-१-१७-०), ४५१ (०-०-१५-०) ४५७ (०-०-१८-०१, ४६९ (०-०-१६-०) ६२९ ०-०-७-०), ६३० (०-२-४-०) ६८३, (०-४-३०), ७८७ (०-०-१३-०१) ७८८, (०-०-११-०), ८०७ (०-१-१६-०१) ८१०(०-०-७-०), ८४८ (०-०-१३-०) ८७२ (०-२-२-०), ९३८ (०-०-२-०) ९५८ (०-०-७-०), ८१८ (०-१-१०-०) ८८२ (०-१-१-०) | ज.ध.- केवली बढइन पति- असर्फी बढई ससुरा - काशीराम बढई ठेगानाः- जिल्ला कपिलवस्तु सा. गा.वि.स. नन्दनगर वडा नं. ४ हाल शुद्धोधन गाउँपालिका वडा नं. ३ मौजा असुरैना | |
| | ६ख | ४६ (०-५-१५-०), ४९ (०-०-१४-०)७० (०-७-४-०), ९४ (०-१-८-०) ९७(०-१-१४-०), ३९७ (०-०-१३-०) | | |

## नेपाल नेत्र ज्योति संघ
**रुपन्देही शाखा**
(परिक्षा समिति)

## नतिजा प्रकाशन

प्रकाशित मितिः २०८२/१२/०५

यस संघद्धारा मिति २०८२/०८/२४ गते प्रकाशित सूचना अनुसार रिक्त पदहरुमा करारद्धारा पदपुर्ति गर्न मिति २०८२/१२/०३ र मिति २०८२/१२/०४ मा सम्पन्न अन्तर्वाताबाट निम्न पदहरुमा देहाय अनुसार सफल उम्मेदवारहरुको नामावली सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ । सफल उम्मेदवारहरुले आफ्नो निरोगिताको प्रमाणपत्र सहित नतिजा प्रकाशित मितिले ७ (सात) दिन भित्र नियुक्ति पत्र लिन संघमा सम्पर्क राख्नहुन सूचित गरिन्छ ।

**पद : अप्टोमेट्रिष्ट (रा.प.तृतिय.,प्रा) तहः १०**

सफल उम्मेदवार, पद संख्याः १ (एक)

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ०३ | OPT3 | सन्तोष क्षेत्री |

वैकल्पीक उम्मेदवार

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ०१ | OPT1 | प्रशंसा लम्साल |
| २ | ०८ | OPT8 | निकीशा श्रेष्ठ |

**पद : Infection Control & Survellience Officer (रा.प.तृतिय.,प्रा) तहः १०**

सफल उम्मेदवार, पद संख्याः १ (एक)

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ०३ | ICO3 | अशेष शाक्य |

वैकल्पीक उम्मेदवार

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ०४ | ICO4 | रुपक न्यौपाने |
| २ | ०१ | ICO1 | खुसी बज्राचार्य |

**पद : फार्मेसी असिष्टेन्ट (रा.प.अनं प्रथम,प्रा) तहः ८**

सफल उम्मेदवार, पद संख्याः १ (एक)

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | १४ | PA14 | सुनिता यादव |

वैकल्पीक उम्मेदवार

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ०८ | PA8 | गुन्जन पाण्डे |

**पद : ल्याब टेक्निसियन (रा.प.अनं प्रथम,प्रा) तहः ८**

सफल उम्मेदवार, पद संख्याः १ (एक)

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ३० | LT30 | सिता तिमिल्सिना |

वैकल्पीक उम्मेदवार

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ११ | LT11 | रोशनी श्रेष्ठ |
| २ | ३२ | LT32 | निशान्त क्षेत्री |

पद : ई.एन.टि असिष्टेन्ट (रा.प.अनं द्धितिय,प्रा) तहः ६

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ०३ | ENT3 | मधुमाया पोखेल |

वैकल्पीक उम्मेदवार

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | १३ | ENT13 | पुर्णिमा चौधरी |
| २ | ०७ | ENT7 | सिर्जना कुमारी यादव |

पद : कार्यालय सहायक (रा.प.अनं द्धितिय,प्र) तहः ६

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ३३ | OA32 | रोशनी कुमारी थारु |

वैकल्पीक उम्मेदवार

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ०६ | OA6 | सरफुद्धिन धुनिया |
| २ | १२ | OA12 | बालकृष्ण गैरे |

पद : माईनर ओ.टि.असिष्टेन्ट (रा.प.अनं द्धितिय,प्रा) तहः ६

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ०६ | MOT6 | रुपा यादव |

वैकल्पीक उम्मेदवार

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ०२ | MOT2 | विष्णु माया थारु |
| २ | ०१ | MOT1 | रुपा बि.के . |

पद : कार्यालय सहयोगी (श्रेणी विहिन, प्र) तहः १

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ०२ | OFH2 | पुजा कार्की के.सी. |

वैकल्पीक उम्मेदवार

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ०१ | OFH1 | सबिता तामाङ्ग |
| २ | ११ | OFH11 | पुजा घर्ति न्यौपाने |

**संयोजक (परिक्षा समिति)**

# सम्पादकीय

## फोहरमैला व्यवस्थापनमा सिद्धार्थनगरको पहलकदमी

फोहरमैला व्यवस्थापनमा समस्या झेलिरहेको सिद्धार्थनगर नगरपालिकाले अब वर्गीकरण गरेको फोहरमात्रै उठाउने निर्णय गरेर सकारात्मक पहलकदमी लिएको छ । कुहिने र नकुहिने फोहरको वर्गीकरण घरमै नागरिकले गर्न आग्रह गर्दै फोहरमैला व्यवस्थापनको पहलकदमीले फोहरमैला व्यवस्थापनमा सहज हुनसक्छ ।

कुहिने र नकुहिने फोहर एकैपल्ट उठाउँदा फोहर व्यवस्थापनमा समस्या भएपछि कुहिने र नकुहिने फोहरको वर्गीकरण गर्न बाध्य भएको नगरपालिकाका अधिकारीहरुको भनाइ छ । यो निर्णय प्रभावकारी कार्यान्वयन हुन सके फोहर व्यवस्थापन सहज हुन्छ । कुहिने फोहरबाट मल बनाउन सकिन्छ, नकुहिने प्लाष्टिकजन्य फोहरलाई रिसाइक्लीन उद्योगलाई बेच्न सकिन्छ । लामो समयदेखि नगरको फोहरमैला डण्डा नदी किनारमा फाल्दै आएको नगरपालिकाले फोहरमैला व्यवस्थापन गर्ने नयाँ ठाउँ पाउन सकेको छैन । नदीमा फोहर फालेर लापरबाही गरिरहेको आरोप खेपेको नगरपालिकालाई फोहरमैला व्यवस्थापन गर्ने ठाउँको अभाव छ । सिद्धार्थनगर नगरपलिकाले अहिले बेलहिया-बुटवल सडक खण्डको नजिकै फोहर फाल्दा सडक यात्रुलाई समेत सास्ती भएको छ । पहिले डण्डा किनारमै सडक क्षेत्रभन्दा केही दुरीमा फाल्दै आएको फोहर अहिले सडक नजिकै फाल्नुको बाध्यता हो, पहिले फोहर फाल्ने ठाउँ बस्ती नजिकै थियो । आसपासको बस्तीले विरोध गरेपछि सडक नजिकै विकल्प खोजेको नगरपालिकासामु अब फोहरमैलाको दिगो व्यवस्थापन गर्न दबाब बढेको छ । वर्गीकरण गरेपछि अहिले भन्दा फोहरमैला व्यवस्थापन सहज हुन्छ । तर वैकल्पिक ठाउँ अनिवार्य खोज्नुपर्छ ।

फोहर वर्गीकरण गरेको मात्रै उठाउने निर्णय गरेको नगरपालिकालाई अब नागरिकले सघाउनुपर्छ । नागरिकको सहयोग विना नगरपालिकाको निर्णय कार्यान्वयन हुन सम्भव छैन । यो निर्णय कार्यान्वयन नगरवासीकै लागि हो । नगरपालिकाको फोहर उठ्नै सकेन भने पर्यटकीय नगरको प्रतिष्ठा नै धुमिल हुन्छ ।

फोहरमैला व्यवस्थापनका लागि रुपन्देहीका पालिका मिलेर एकीकृत योजना कार्यान्वयन गर्न सक्छन् । फोहरमैला प्रशोधन केन्द्र बनाउन कुनै पालिकाको एकल प्रयासबाट सम्भव छैन, दुई वा धेरै पालिका मिलेर बढ्दा फोहरमैला व्यवस्थापन राम्रो हुन्छ । सम्भव हुने पालिका मिलेर फोहरमैला प्रशोधन केन्द्र निर्माण गर्न छलफल गरौँ, निष्कर्ष निकालौँ । अब ढिलाइ नगरौँ ।

## लुम्बिनी प्राविधिक विश्वविद्यालयले पायो स्थायी संरचना

राँझा (बाँके) । नेपालगञ्जबाट सञ्चालन हुँदै आएको लुम्बिनी प्राविधिक विश्वविद्यालयको केन्द्रीय कार्यालय अब बाँकेको खजुराबाटै सञ्चालन हुने भएको छ ।

स्थापना भएको झण्डै पाँच वर्षपछि खजुरा गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको १० कट्ठा जग्गासहितको भवन विश्वविद्यालयलाई हस्तान्तरण गरेपछि अब विश्वविद्यालयको प्रशासनिक कामकाज खजुराबाट सञ्चालन हुने भएको हो । खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर विकले विश्वविद्यालयका उपकुलपति प्रा डा.विनोद ढकाललाई भवन र जग्गाको स्वामित्वसम्बन्धी कागजात बुधबार हस्तान्तरण गरेका हुन् ।

गाउँपालिका अध्यक्ष विकले खजुरालाई शैक्षिक र स्वास्थ्यको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य रहेको बताए । दक्ष प्राविधिक जनशक्ति उत्पादन गरी देशको समृद्धिमा यो विश्वविद्यालय कोशेढुङ्गा सावित हुने उनले विश्वास व्यक्त गरे ।

“खजुरामा क्यान्सर अस्पताल र कृषि क्याम्पस जस्ता प्रतिष्ठित संस्थालाई स्थानीयले जसरी अपनत्व दिएका छन् । यो विश्वविद्यालयले त्यस्तै माया र साथ पाउनेछ”, उनले भने-“विश्वविद्यालयलाई आवश्यक सहयोग र समन्वयका लागि गाउँपालिका सधैँ तत्पर रहेको छ ।”

उपकुलपति प्रा.डा. विनोद ढकालले अब छिट्टै खजुराबाटै विश्वविद्यालयका प्रशासनिक र प्राज्ञिक गतिविधि अगाडि बढ्ने जानकारी दिए । “भवनको आवश्यक मर्मत सम्भार गरी लगत्तै केन्द्रीय कार्यालय सञ्चालन गर्नेछौँ”, उनले भने-“पचास बिघा जग्गा प्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुगेको छ, जग्गा प्राप्त हुनासाथ भौतिक पूर्वाधार निर्माणको कामले गति लिने छ ।”

विश्वविद्यालयका रजिष्टार रेगबहादुर भण्डारीले जग्गा प्राप्तिको कानुनी अल्झनका कारण प्रदेश सरकारले विनियोजन गरेको बजेट बर्सेनि फ्रिज हुने गरेको बताए । सुरुमा ९४ बिघा जग्गाको प्रस्ताव गरिए पनि हाल ५० बिघामा झारिएको र सो फाइल सङ्घीय मन्त्रिपरिषद्मा निर्णयको पर्खाइमा रहेको उनले जनाए ।

प्रदेश सरकारले २०७८ सालमा ‘विश्वविद्यालय ऐन’ जारी गरी यसलाई कानुनी रूपमा स्थापित गरेको थियो । खजुरामा भवन प्राप्त भएसँगै अब विश्वविद्यालयको स्थायी उपस्थितिको सुनिश्चितता भएको छ । हाल यो विश्वविद्यालयले नेपालगञ्जमा अस्थायी मुकाम बनाएर प्राविधिक, सूचना प्रविधि र इञ्जिनियरिङका कक्षा सञ्चालन गरिरहेको छ ।


लुम्बिनी प्रदेश सरकार
वन तथा वातवरण मन्त्रालय
डिभिजन वन कार्यालय, कपिलवस्तु ( गौतमबुद्ध )
चन्द्रौटा, कपिलवस्तु

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८२/१२/०५

यस कार्यालयबाट मिति २०८२/१०/२६ मा www.bolpatra.gov.np/egp मार्फत विद्युतिय माध्यमबाट बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार म्याद भित्र रितपूर्वक पेश हुन आएका दरभाउपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरु अधिकतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएको भनि बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीका लागि तपशिल बमाजिमको बोलपत्रहरू स्वीकृत गर्ने आशयको ७ दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| S.N. | Contract ID | Work Description | Bidder Selected | Bid Price (Including PS & VAT ), NRs |
|---|---|---|---|---|
| 1 | DFOG/RM/082/083/05 | River Management, Collection, Stockpilling and Selling of River bed materials from Surahi Khola (Section A),Shivraj-01, Kapilvastu. | Swaviman Construction Pvt. Ltd., Butwal-12, Rupandehi | 32980266.76 |

Office Chief

# Bhumikasthan Municipality
## Office of the Municipal Executive
Nuwakot, Arghakhanchi
Lumbini Province, Nepal

## Invitation for Bids

Date of publication: 19th March, 2026

1. Bhumikasthan Municipality, Office of the Municipal Executive invites sealed quotations for the construction and of Different following Road maintenance Works. The estimated amount for the works is given below.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bhumikasthan Municipality, Arghakhanchi, bhumikasthanmunicipality@gmail.com Mobile number, 9857069981[or may visit PPMO website www.bolpatra.gov.np.]
3. A complete set of Bidding Documents may be download for e- submission from PPMO Web site www.bolpatra.gov.np/egp,. Bidders who Submitting their bid electronically should deposit the Cost NRs. 1000 of bidding document as specified below and Scanned copy ( Pdf format) of the Bank deposit Voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Pravu Bank Ltd. Name of Office: Bhumikasthan Municipality
   Office Code no. :801055101 Account no.: 2587086986800138
   Rajaswa (revenue) Shirshak no. : 14249
4. Electronic bids must be submitted to the office before 12.00 noon on 03th April, 2026 (2082.12.20). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1.00 on 03th April, 2026 (2082.12.20) at the office of Bhumikasthan Municipality. Bids must be valid for a period of 45 daysfrom the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of As Mentioned Below which shall be valid for 30 daysbeyond the validity period of the bid .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Other Information are below :

| S.N. | Name of the Project | Estimated Amount NRs. ( Exclusive of Vat) | Bid Security Amount (NRs.) | Remarks |
|---|---|---|---|---|
| 1 | 23/BMA/W/RM/2082/083 Ghatakhola – Dharapani - Dhakabang Road Maintenance Works | 1,327,401.72 | 37500 | |
| 2 | 24/BMA/W/RM/2082/083 Nuwakot – Khilji - Asurkot Road Maintenance Works | 1,327,402.69 | 37500 | |
| 3 | 25/BMA/W/RM/2082/083 Narapani – Dhikura - Nuwakot Road Maintenance Works | 1,061,904.61 | 30000 | |

# Binayi Tribeni Rural Municipality
## Office of The Rural Municipal Executive
Dumkibas, Nawalparasi (East of Bardaghat Susta)
Gandaki Province, Nepal
Est: 2073

## Invitation For Online Bids

**First Date of publication: 2082/12/05(19th, March, 2026)**

1. Office of BinayiTribeni Rural Municipalityinvites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures.

| S.N. | Contract ID | Description of Works | Estimate Amount without VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 42/BTRM/NCB/Works/2082-083 | Ward no.4 ko Bibhinna Baato Istarunnati | 3495616.90 | 105000 | 3000.00 | 2083/01/06 (19th, April, 2026) Before 12:00 | 90 Days | 2083/01/06 (19th, April, 2026) Before 12:00 | 2083/01/06 (19th, April, 2026) After 1:00 | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: BinayiTribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | | |
| Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) | (Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi TribeniRural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 DharautiKhata. : 00815153326 | | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## तेजस्वी बचत तथा ऋण सहकारी संस्था लि.

### भाखा नाघेको ऋण चुक्ता गर्न आउनेबारे ७ दिने अत्यन्त जरुरी सूचना

**तेस्रो पटक प्रकाशन मिति : २०८२।१२।०५**

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यले उपयोग गरेको ऋण संस्थासंग ऋण लिने बेलामा गरेको लिखित सम्झौता भंग गरी संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना रकम तीर्न बुझाउन नआई आलटाल गरेको र तीर्न बुझाउनका लागि पटक-पटक लिखित तथा मौखिक रुपमा तारताकेता गर्दा समेत वेवास्ता गरी अटेर गर्नु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (ख) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र संस्थाको कार्यालयमा सम्पर्क गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम तिर्न बुझाउन हुन सूचित गरिन्छ । अन्यथा सहकारी नियमावली २०७५ को दफा ३० (घ) बमोजिम ऋण सुरक्षणका लागि संस्थाको नाममा लेखिदिएको अचल सम्पत्ति लिलाम बिक्री गरी सम्पूर्ण लिनु पर्ने साँवा, व्याज, हर्जना र अन्य लाग्ने शुल्कहरु समेत असुल उपर गरिने व्यहोरा अवगत गराइन्छ ।

**तपसिल**

| | |
|---|---|
| ऋणी सदस्यको नाम : | तारा कुमारी श्रेष्ठ |
| ऋणी सदस्यको पतिको नामः | घनश्याम श्रेष्ठ |
| ऋणी सदस्यको ससुराको नामः | मिन कुमार श्रेष्ठ |
| ऋणी सदस्यको ठेगाना : | बुटवल -११, रुपन्देही |
| सदस्यता नं. : | ८१३ |
| ऋणको शीर्षक : | व्यवसाय कर्जा |
| धन जमानी दिनेको विवरण : | घनश्याम श्रेष्ठ |

**धितोको विवरण**

अर्घाखाँची जिल्ला अर्घातोष वडा नं ४ साबिक रुपन्देही न.पा वडा नं. ११ बस्ने मिन कुमार श्रेष्ठको बुहारी घनश्याम श्रेष्ठको श्रीमती वर्ष ३५ की तारा कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय रुपन्देही मा दर्ता श्रेष्ता कायम भएको रुपन्देही जिल्ला साविक पर्रौहा गा.पा वडा नं १ को हाल सैनामैना न.पा वडा नं ४ कि.नं १०२८ क्षे.फ ०-०-७.७५-० बिगाको जग्गा कित्ता -१ तेजस्वी बचत तथा ऋण सहकारी संस्था लि. बुटवल- ९ तीनकुने रुपन्देही ०७१-५३०६७५ फोन ।

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.न.१३/०६३/०६४
२०८२ चैत ०५, गते बिहीबार
Thursday March 19, 2026
न.प.जि.प्र.का.द.न.४/०४५/०४६


## निक्षेप उपरको हकदाबी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति:२०८२।१२।०५

श्री मान सिं रानाको नाती, श्री नरिश्वर रानाको छोरा, बाँके जिल्ला खजूरा गा.पा. वडा नं. १ बस्ने ना.प्र.नं. ८३८३ जा.मि. २०४५/०१/२७ जा.जि. स्याङ्जा भएको श्री दिल बहादूर रानाको नाममा यस विकास बैंकको वालिङ, स्याङ्जा शाखा कार्यालयमा बचत खाता नं. ००१०१८०००००८३६००००१ रहेकोमा निजको मिति २०८२/०४/१६ मा मृत्यु भएको र निज मृतक श्री दिल बहादुर रानाको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भुक्तानीको माग गर्दै स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. ७ हाल स्याङ्जा जिल्ला, खजुरा गा.पा. वडा नं. १, बाँके बस्ने मृतक दिल बहादुर रानाको छोरा नाता पर्ने श्री सन्जय रानाले मृतकको मृत्यु दर्ता प्रमाण-पत्र (दर्ता नं. २००६०८०४०१५८६-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हकदाबी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र विकास बैंकमा आवश्यक सबूत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ। अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक श्री सन्जय रानालाई उल्लिखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय तथा सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक श्री सन्जय रानालाई उल्लिखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**गरिमा विकास बैंक लिमिटेड**
**Garima Bikas Bank Limited**
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

## निक्षेप उपरको हकदाबी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति:२०८२।१२।०५

श्री नरहरि सारुको बुहारी, श्री दिलबहादुर सारुको पत्नी, स्याङ्जा जिल्ला, तिनदोवाटे गा.वि.स. वडा नं.३ स्थायी ठेगाना भई गण्डकी प्रदेश स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं. १० बस्ने ना.प्र.नं. २२७५ जारी जिल्ला स्याङ्जा भएको श्री दिल सरी सारु मगरको नाममा यस विकास बैंकको वालिङ, स्याङ्जा शाखा कार्यालयमा बचत खाता नं.००१०१४००६२११९८६००००१ रहेकोमा निजको मिति ०८२/१०/०४ मा मृत्यु भएको र निज मृतक श्री दिल सरी सारु मगरको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भुक्तानीको माग गर्दै स्याङ्जा जिल्ला, तिनदोवाटे गा.वि.स.वडा नं. ३ स्थायी ठेगाना भई हाल स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. १०, बस्ने मृतक दिल सरी सारु मगरको छोरा नाता पर्ने श्री देउ राज सारुले मृतकको मृत्यु दर्ता प्रमाण-पत्र (दर्ता नं.११९६०८०७०१६५७२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हकदाबी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ। अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक श्री देउ राज सारुलाई उल्लिखित व्यक्तिको खाताको रकम भुक्तानी भई जाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**गरिमा विकास बैंक लिमिटेड**
**Garima Bikas Bank Limited**
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

# Mathagadhi Rural Municipality
## Office of the Rural Municipal Executive
### Jhadewa, Palpa

# INVITATION FOR BIDS

Notice No:- 07-2082-083, First Date of Publication:- 2026-03-19 AD

1.Mathagadhi Rural Municipality, Office of the Rural Municipal Executive invitesonly electronic bids foreligible bidders for Construction of following Works under SQ bidding Procedures.

| Contract Identification No. | Description of Work | Estimated Amount (with VAT & PS) | Bid Security Amount | Fee for Bidding Document |
|---|---|---|---|---|
| MRM/SQ/WORKS/2082-083/22 | Road Upgrading work (Mudkatta-Kavrechaur-Khussraw-Dadhuwa Krisi Road, Mathagadhi-08, Bahadurpur, Palpa) | 9,98,837.55 | 25000.00 | 1000.00 |
| MRM/SQ/WORKS/2082-083/23 | Road Upgrading work (Maraghat-Sirikdanda-hattilung, Mathagadhi-05, Hattilung, Palpa) | 9,96,405.34 | 25000.00 | 1000.00 |

2. Bidder may download the bidding documents and submit their bids electronically through www.bolpatra.gov.np/egp as specified in the Bid document.

**Chief Administrative Officer**

# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति: २०८२/१२/०५ गते बिहीबारको दैनिक लुम्बिनी**

यस विकास बैंकको बिभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जा विकास बैंकसँग भए गरेका सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकिता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी विकास बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले विकास बैंकले बिभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५(पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी, धितो जमानीकर्ता र व्यक्तिगत धनजमानीकर्तालाई सूचित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा चुक्ता गर्न तत्परता नदेखाए पश्चात बिभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम विक्री सम्बन्धी २१ (एक्काइस) दिने सुचना प्रकाशित गरी ऋणकर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा विकास बैंकको नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र समेत आव्हान गरिएकोमा विकास बैंकद्वारा हाल पुनः यो १५ (पन्ध्र) दिने धितो लिलाम विक्री सम्बन्धी सूचना प्रकाशित गरिएको छ। तसर्थ धितोमा रहेको उक्त सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (सो दिन सार्वजनिक विदा परेमा विदा पश्चात लगत्तै कार्यालय खुल्ने दिन) कार्यालय समयभित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रितपुर्वक बोलपत्र भरी यस विकास बैंकको केन्द्रीय कार्यालय, बुटवलमा वा विकास बैंकको सम्बन्धित शाखा कार्यालयमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री भई विकास बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको आन्तरिक नीति नियम तथा अन्य प्रचलित ऐन कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै कालोसूचीमा समावेश गर्न बाँकी ऋणी, संचालक, प्रोप्राईटर, साझेदार, जमानतकर्ता र नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम ऋणसँग सम्बन्धित अन्य पक्षहरुलाई तीनपुस्ते विवरण सहित कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा समावेश गर्न सिफारिस गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु गराउनु हुन समेत विशेष अनुरोध गरिन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय भलवारी)**

टक बहादुर जि.सी.को बुहारी, दामोदर जि.सी.को पत्नि, गुल्मी जिल्ला भनभने गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला बुटवल उ.प.न.पा वडा नं.८ बस्ने **मिना जि.सी** (ना.प्र.नं. २१९२, गुल्मी जारी मिति : २०५३/१०/२४).

**व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण**

१. जेडु जि.सी को नाती, टक बहादुर जि.सी को छोरा, गुल्मी जिल्ला मदाने गा.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला बुटवल उ.प.न.पा वडा नं. ८ बस्ने **दामोदर जि.सी** (ना.प्र.नं.१४४३, गुल्मी, जारी मिति : २०४७/१०/१४).
